# फिक्कल गाउँपालिका
**Phikkal Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

**प.स. (Ref.No.) :-२०७९/०८०**
**च.नं. (Dispatch No.) :-** ०९

मितिः-२०७९।०५।०२

***विषयः- वित्तीय सशर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलापका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।***

श्री सम्पूर्ण माध्यमिक विद्यालय / आधारभूत विद्यालय (१-८) ,
फिक्कल गाउँपालिका, सिन्धुली ।

प्रस्तुत विषयमा फिक्कल गाउँपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमबमोजिम यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कार्यान्वयन गर्नुपर्ने तपसिलका वित्तीय सशर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलापहरू सञ्चालन गर्नका लागि विद्यालय छनौट गर्नुपर्ने भएकाले आफूले प्राप्त गर्न चाहेको कार्यक्रमका लागि कार्यक्रमको प्रस्ताव सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयमा पेश गर्ने गराउने भनि मिति २०७९।०४।१८ गतेको गाउँ शिक्षा समितिको बैठकले निर्णय गरेको हुँदा सोही बमोजिम तोकिएकै मितिभित्र शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनुहुन सूचित गरिन्छ ।

तपसिलः

| क्र.स. | कार्यक्रम | संलग्न गर्नुपर्ने कागजातहरू | इकाइ | प्रति इकाइ अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १. | तोकिएको सूचाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | • वि.व्य.स. को निर्णय अनुसार शैक्षिक गुणस्तरको क्षेत्र पहिचान गरी प्रस्ताव पेस गर्ने,<br>• अनुदान रकम मागका लागि विद्यालयको पत्र,<br>• सम्बन्धित वडाको सिफारिस,<br>• विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ अनुसूची ३ को कार्य सम्पादन मूल्याङ्कन फाराम । | ५ | ५०००० | २,५०,००० |
| २. | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | • अनुदान मागको लागि विद्यालयको पत्र<br>• विद्यालयले सिकाइ उपलब्धि थप वद्धि गर्न र आफ्ना असल अभ्यासहरू न्यून सिकाइ उपलब्धि भएका विद्यालयलाई अनुभव आदान प्रदान गर्ने प्रवर्तनात्मक क्रियाकलाप सहितको प्रस्ताव पत्र,<br>• सम्बन्धित वडाको सिफारिस,<br>• यसै पत्रसाथ संलग्न माध्यमिक विद्यालय मूल्यांङ्कन फाराम । | १ | २,००,००० | २,००,००० |
| ३ | माध्यमिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सीङ, किताब खरिद तथा इ पुस्तकालय समेत) | • अनुदान रकम मागको लागि विद्यालयको पत्र,<br>• यस अघि सरकारी तथा गैरसरकारी निकायबाट हाल माग गरिएका प्रकृतिको कार्यक्रम नपरेको व्यहोरा खुलेको पत्र,<br>• पुस्तकालय / विज्ञान प्रयोगशाला जुन कार्यका लागि अनुदान माग गर्ने हो, त्यसको स्थापनाको लागि आवाश्यक कक्षाकोठा उक्त कक्षाकोठामा सम्बन्धित कार्यक्रम स्थापनाको लागि नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएका आधार तथा स्पेसिफिकेशन को परिधि भित्र रहेर सार्वजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसार प्रक्रिया पुरा गरी सामाग्री ***खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना*** सहित तयार पारिएको प्रस्तावना पत्र,<br>• सम्बन्धित वडाको सिफारिस । | ३ | ६,५०,००० | १९,५०,००० |
| ४ | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | | २ | ६,५०,००० | १३,००,००० |

२०७९।५।२